महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

# प्रेश विज्ञप्ती

(आमसञ्चार माध्यममा तत्काल उपयोगको लागि)

२०७४ फागुन ०९ गते, बुधबार

माननीय महालेखा परीक्षकको अध्यक्षतामा लेखापरीक्षण सल्लाहकार समितिको दशौं बैठक सम्पन्न भएको छ । उक्त बैठकमा महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, स्थानीय तहको लेखापरीक्षण, लेखापरीक्षणको प्रभाव लगायतका विषयमा छलफल भयो ।

छलफलको क्रममा सल्लाहकार समितिका सदस्यहरुबाट सार्वजनिक वित्त प्रशासन कमजोर रहेको आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षण प्रभावकारी बन्न नसकेको, आर्थिक वर्षको अन्तमा वढी खर्च गर्ने प्रवृत्ति रहेको, सार्वजनिक खर्च प्रभावकारी नभएको, नीति निर्माणमा स्वार्थ बाझिने व्यवहार रहेको जस्ता समस्या रहेको उल्लेख गर्नुभयो । देशको संघीय ढाँचा अनुरुप महालेखा परीक्षकको कार्यालयको संगठनात्मक संरचना तयार गरी कार्यप्रणालीमा परिवर्तन गर्नुपर्ने लेखापरीक्षण ऐन, कानूनको परिमार्जन गरी लेखापरीक्षणको गुणस्तरमा अभिवृद्धि गर्ने तथा सार्वजनिक कोषको उपयोगको अवस्थालाई आम नागरिकमा सु-सुचित गराउन आवश्यक व्यवस्था गर्नुपर्ने विपयहरुमा सुझाव दिनुभयो ।

सोही अवसरमा, सरकारका निकायहरुसँग समन्वय गरी वित्तीय प्रशासन तथा आर्थिक अनुशासन कायम गर्न उपयुक्त विधि अवलम्वन गर्नुपर्ने, स्थानीय तहलाई सुरुवातको चरण देखि नै कडारुपमा नियमन गर्नुपर्ने, लेखापरीक्षण जनशक्तिको कार्यसम्पादनमा थप विज्ञता ल्याउन क्षमता विकासमा ध्यान दिनुपर्ने, आन्तरिक वित्तीय प्रणालीलाई सुदृढ बनाउन पर्ने, अन्य समकक्षीसँग सिकेर सरकारको कार्यसम्पादनमा सुधार गर्न सरकारको वित्तीय सल्लाहकारको रुपमा सुझाव प्रदान गर्नुपर्ने विषयमा सुझाव प्राप्त भयो ।

सोही अवसरमा माननीय महालेखा परीक्षकज्यूले सल्लाहकारबाट प्रस्तुत सुझाव मार्गदर्शनको रुपमा रहेको बताँउदै देशको शासकिय संरचना अनुरुप लेखापरीक्षण कार्ययोजना समयानुकुल बनाउदै जाने बताउनुभयो ।

..................
उद्धवचन्द्र श्रेष्ठ
प्रवक्ता